नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

# कोसेबाली अनुसन्धान कार्यक्रम

खजुरा, बाँके

## कृषक बर्गमा अनुरोध

**हिउँदेबाली भित्र्याई सकेपछि अथवा बैशाखको पहिलो हप्ताभित्र, खाली भएको खेतमा धान लगाउनु भन्दा अगाडीको छोटो समयमा तयार हुने बाली मुंग वा मास लगाउनका लागि कृषक बर्गमा अनुरोध ।**

छोटो अवधि ७५ दिन सम्ममा यी बालीहरु तयार हुने । थोरै सिचाईमा कम खनजोत गरी न्युन मलखादको प्रयोग हुँदा उत्पादन लागत कम लाग्ने । धानमा हरियो मलको रुपमा काम गर्ने हुँदा धानमा मल कम लाग्ने । धानको उत्पादन बढि हुने । माटोमा सुधार हुने । खेत बाँझो नहुने ।

**बर्खायाममा असिन्चित क्षेत्रमा कोसेबाली जस्तैः भटमास लगाउनका लागि कृषक बर्गमा अनुरोध ।**

असिन्चित क्षेत्रमा रहेको बाँझो जमिनको सदुपयोग हुने । कम खनजोत, कम रोपाइँ खर्च, बिना सिचाई, न्युन मलखादको प्रयोग हुने हुँदा उत्पादन लागत कम लाग्ने । उत्पादन लागत कम लाग्ने हुँदा धान खेती भन्दा बढी फाइदा जनक हुने । बजारमा उच्च मुल्य र माग भएको हुँदा किसानको आयआर्जनमा सुधार हुने । शकाहारीहरुका लागि प्रोटिनको मुख्य स्रोत हुने । हिउँदे बालीको रुपमा गहुँ खेती गर्दा मल कम लाग्ने । माटोको सुधार हुने ।

**हिउँदे कोसेबालीहरुको लागि धानको जात छनौट गर्न कृषक बर्गमा अनुरोध ।**

यदि कृषक महानुभावहरु धान काटिसके पछि हिउँदे कोसेबालीहरु जस्तैः मसुरो, चना, राजमा, आदि लगाउने सोच्दै हुनुहुन्छ भने बर्षे धानको जात छनौट गर्न अति आवश्यक छ। यदि किसानहरुले आउँदो हिउँदमा धान काटेर कोसेबाली विशेष गरि राजमा र मसुरो लगाउने विचारमा हुनुहुन्छ भने छीटो अथवा १२०-१२५ दिनको हाराहारीमा पाक्ने धानको जात (जस्तैः राधा ४) छनौट गर्न अनुरोध गर्दछौं।